चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठक मिति :२०८२/०८/२५
बैठक संख्या : चौथो (२०८२/०८३)

आज मिति २०८२ साल मंसिर २५ गते बिहिबारका दिन चन्द्रकोट गाउँपालिकाका अध्यक्ष श्री युवराज खत्री क्षत्रीज्यूको अध्यक्षतामा गाउँकार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक वसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरीयो।

उपस्थिति

| सि.नं. | पदाधिकारीकोनामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री युवराज खत्री क्षत्री | अध्यक्ष | |
| २. | श्री विष्णु प्रसाद भण्डारी | उपाध्यक्ष | |
| ३. | श्री घनश्याम खरेल | १ नं. वडा, वडाअध्यक्ष/ प्रवक्ता | |
| ४. | श्री कमल के.सी. | २ नं. वडा, वडाअध्यक्ष | |
| ५. | श्री डिल्लीराज सुवेदी | ३ नं. वडा,वडाअध्यक्ष | |
| ६. | श्री बल बहादुर बस्नेत | ४ नं. वडा, वडाअध्यक्ष | |
| ७. | श्री पृथ बहादुर कार्की | ५ नं. वडा, वडाअध्यक्ष | |
| ८. | श्री अमरसिंह दगामी | ६ नं. वडा, वडाअध्यक्ष | |
| ९. | श्री अनन्तराम भण्डारी | ७ नं. वडा, वडाअध्यक्ष | |
| १०. | श्री फणिन्द्र राज अर्याल | ८ नं. वडा, वडाअध्यक्ष | |
| ११. | श्री डिलमाया बुढाथोकी | कार्यपालिका सदस्य | |
| १२. | श्री बिष्णुकला थापा | कार्यपालिका सदस्य | |
| १३. | श्री लक्ष्मिमा अर्याल | कार्यपालिका सदस्य | |
| १४. | श्री विष्णुमाया सापकोटा | कार्यपालिका सदस्य | |
| १५. | श्री धन बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| १६. | श्री सूर्य कुमार बस्याल | कार्यपालिका सदस्य | |
| १७. | श्री प्रकाश चन्द्र शर्मा | नि. प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| १८. | श्री शिवप्रसाद ज्ञवाली | प्रशासकीय अधिकृत | |
| १९. | श्री बसन्त रिजाल | लेखा अधिकृत | |
| २० | श्री प्रकाश पन्थी | प्रशासकीय अधिकृत | |
| २१. | श्री दिपेन्द्र डि.सी. | सि. शिक्षा अधिकृत | |

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठक मिति :२०८२/०८/२५
बैठक संख्या : चौथो (२०८२/०८३)

**प्रस्तावहरु**

१. समिक्षा सम्बन्धमा।
२. गाउँशिक्षा समितिको पूर्णता सम्बन्धमा।
३. गाउँशिक्षा योजना निर्माणका लागि कार्यदल/समिति गठन सम्बन्धमा।
४. ऐन तथा कार्यविधि सम्बन्धमा।
५. विविध।

क) स्वास्थ्य शिविर संचालन गर्ने सम्बन्धमा।
ख) ढुँङ्गा/गिट्टीको व्यवस्थापन सम्बन्धमा।
ग) लाभग्राही छनौट गर्ने सम्बन्धमा।
घ) ठेक्का प्रकृयाका लागि स्वीकृति प्रदान गर्ने सम्बन्धमा।
ङ) शिक्षक सरुवा सम्बन्धमा।
च) वडा कार्यालयको जगगा प्राप्ती सम्बन्धमा।
छ) एकीकृत घुम्ती शिविर तथा योजना अनुशिक्षण कार्यक्रम संचालन सम्बन्धमा।
ज) गाउँ कार्यपालिकाको कार्यालाई विपक्षी बनाई दायर हुने मुद्धा मामिलाका सम्बन्धमा।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा यस गाउँ कार्यपालिकाको पहिलो बैठक देखि हाल सम्म भएका सम्पूर्ण क्रियाकलापहरुको सम्बन्धमा समिक्षा गरीयो।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा चन्द्रकोट गाउँपालिकामा रहेको चन्द्रकोट गाउँपालिकाको आधारभुत तथा माध्यमिक शिक्षा ऐन, २०७५ को दफा ९ मा रहेको गाउँशिक्षा समितिको मनोनित गर्ने देहायका पदमा तपशिल अनुसार मनोनयन गरी समितिलाई पूर्णता प्रदान गर्ने।

देहायः

गाउँ कार्यपालिकाले तोकेको कार्यपालिका सदस्यहरुमध्येबाट कम्तीमा १ जना दलित/अल्पसंख्यक र १ जना महिला सहित ३ जना- सदस्य जसमा,

- डिल्लीराज सुवेदी- ३ नं. वडा, वडाध्यक्ष
- धन बहादुर वि.क.- कार्यपालिका सदस्य
- विष्णुकला थापा- कार्यपालिका सदस्य

समाजसेवी शिक्षा प्रेमीबाट गाउँ शिक्षा समितिले मनोनित गरेको कम्तिमा १ जना महिला सहित २ जना जसमा,

- इन्द्र बहादुर थापा- प्रमुख, चन्द्रकोट क्याम्पस
- बसन्ती न्यौपाने- शिक्षक, रामकोट आधारभुत विद्यालय

गाउँ कार्यपालिकाको कार्यालय
चन्द्रकोट गाउँपालिका
गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प्रकाश चन्द्र शर्मा
नि.प्रमुख प्रशासकीय अधिकृत

- प्रकाश थापा- प्रधानाध्यापक, श्री ग्वाघा मा.वि.
- देवेन्द्र शाह- प्रधानाध्यापक, चक्रेश्वर इङ्गलिस बोर्डिङ्ग स्कुल

गाउँस्तरका नेपाल शिक्षक महासंघका प्रतिनिधि जसमा,

- कोमलनाथ न्यौपाने- अध्यक्ष, नेपाल शिक्षक महासंघ, चन्द्रकोट

सामुदायिक विद्यालयका अध्यक्षमध्येबाट गाउँशिक्षा समितिले मनोनित गरेका १ जना जसमा,

- धाचानन्द शर्मा- वि.व्य.स. अध्यक्ष, श्री उदय माध्यमिक विद्यालय

३. माथीको प्रस्ताव नं. ३ उपर छलफल गर्दा चन्द्रकोट गाउँपालिकाको चालु आर्थिक बर्षको बार्षिक स्वीकृत कार्यक्रम गाउँ शिक्षा योजना निर्माणको कार्यान्वयनका लागि उक्त योजना पालिका आफैले निर्माण गर्ने र जसका लागि शिक्षा अधिकृत नयन सिंह ठकुरीको संयोजकत्वमा तपशिल बमोजिमका सदस्यहरु रहनेगरी एक गाउँ शिक्षा योजना निर्माण कार्यदल गठन गर्ने र उक्त कार्यदललाई २०८२ माघ मसान्तभित्र आफ्नो प्रतिवेदन पेश गर्ने समयावधि र आवश्यक विविध निर्णय गर्नसक्ने गरी अख्तियारी प्रदान गर्ने।

**देहाय**

- नयन सिंह ठकुरी (शिक्षा अधिकृत/ शाखा प्रमुख) - संयोजक
- दिपेन्द्र जिसी (सहायक शिक्षा अधिकृत) - सदस्य
- लक्ष्मी प्रसाद भण्डारी (प्रअ, ज्ञानोदय मावि) - सदस्य
- प्रकाश थापा (प्रअ, ग्वाघा मावि) - सदस्य
- कोमलनाथ न्यौपाने (शिक्षक उदय मावि) - सदस्य
- सन्तोष कंडेल (शिक्षक ज्ञानोदय मावि) - सदस्य
- विष्णु प्रसाद सुवेदी (शिक्षक शारदा मावि) - सदस्य

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस चन्द्रकोट गाउँपालिकामा आवश्यक रहेको ऐन तथा कार्यविधि निर्माणका लागि शाखाहरुसँग आवश्यकताको आधारमा समन्वय गरी आवश्यक कानुनहरुको बारेमा आगामी कार्यपालिकामा प्रस्ताव पेश गर्नेगरी प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने।

५. प्रस्ताव नं. ५ विविध उपर छलफल गर्दा देहाय बमोजिम गर्ने।

क) यस चन्द्रकोट गाउँपालिकामा रहेका नागरिकहरुको आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले विशेषज्ञ डाक्टरहरुको उपस्थितिमा मिति २०८२ पौष ०८ गते चन्द्रकोट आधारभुत अस्पताल भवनमा निशुल्क स्वास्थ्य शिविर संचालन गर्ने। जसका लागि प्राविधिक सहयोगका निमित्त लायन्स क्लव अव बुटवल शुभारम्भ समक्ष अनुरोध गर्ने।

ख) यस चन्द्रकोट गाउँपालिका गुल्मीभित्र रहेका विभिन्न नदिजन्य स्थान तथा खोलाहरुमा प्राप्त हुने ढुङ्गा/गिट्टी/बालुवा लगायतका नदीजन्य पदार्थहरुको उत्खनन् का लागि प्रारम्भिक

प्रकाश चन्द्र शर्मा
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठक मिति :२०८२/०८/२५
बैठक संख्या : चौथो (२०८२/०८३)

बातावरणीय परिक्षण (IEE) को प्रतिवेदन प्राप्त भई स्वीकृत पश्चात् ठेक्का प्रकृयामा संझौता नहुञ्जेल सम्मका लागि चन्द्रकोट गाउँपालिकाभित्र संचालन हुने विभिन्न निर्माणका आयोजनाहरुलाई आवश्यक पर्ने नदीजन्य पदार्थहरु उपलब्ध गराउनका लागि प्रदेश ऐन बमोजिम हुनेगरी निकाशाका लागि काटिएका राजश्व रसिद अनुमोदन गर्ने र आवश्यकता अनुसार वडामा वडाध्यक्षले आवश्यक समन्वय गरी राजश्व काटी छोटो अवधिका लागि सिमित परिमाणमा निकाशाका लागि सम्बन्धित व्यक्तिसग नियमानुसार लाग्ने दस्तुर लिई अनुमति प्रदान गर्ने। यसैगरी यस चन्द्रकोट गाउँपालिकाभित्र ग्रामीण सडक संजाल सुधार आयोजना-एफ आयोजना कार्यान्वयन ईकाइ, शंकरनगर रुपन्देहीबाट कार्यान्वयन भैरहेको वामीटक्सार -इन्द्रेगौंडा-आपचौर-शान्तिपुर सडक खण्डमा निर्माण कार्य भैरहेको सन्दर्भमा उक्त योजनाका लागि नदीजन्य पदार्थको माग भएको हुँदा यस सम्बन्धि कानुनी प्रकृया बुझि यदि मिल्ने भएमा उपलब्ध गराउन सकिने।

ग) चन्द्रकोट गाउँपालिका गुल्मीको चालु आर्थिक बर्षको बार्षिक स्वीकृत सुरक्षित नागरिक आवास कार्यक्रमका लागि विनियोजित रु ३ लाखको कार्यान्वयनका लागि उक्त कार्यक्रम सँग सम्बन्धित कार्यविधिका आधारमा हुने गरी देहायका वडाहरुमा तपशिल बमोजिमका लाभग्राहीहरु छनौट गर्ने र छनौट भएका लाभग्राहीहरुको विवरण सम्बन्धित वडाले १ हसाभित्र गाउँपालिकामा पठाउने र आवश्यक संझौता गरी कार्यसंचालन गर्ने। साथै चालु आर्थिक बर्षका लागि विनियोजित रकमबाट उक्त कार्यक्रमको लक्ष्य पूरा नहुने हुँदा सम्बन्धित निकायमा थप रकम मागका लागि पत्राचार गर्ने।

देहायः-

| वडा नं. | छनौट हुने लाभग्राही संख्या |
|---|---|
| १, दिब्रुङ्ग | १ जना |
| ३, हर्राचौर | १ जना |
| ५, ग्वाघा | १ जना |
| ८, तुराङ्ग | १ जना |

घ) चन्द्रकोट गाउँपालिकामा चालु आर्थिक बर्षमा संचालन हुने तपशिल बमोजिमका योजना/आयोजनाहरुको लागि पालिकाको पूर्वाधार शाखाबाट प्राप्त लागत अनुमान स्वीकृत गर्ने र यथाशीघ्र ठेक्का प्रकृयामा जाने।

प्रकाश चन्द्र शर्मा
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठक मिति :२०८२/०८/२५
बैठक संख्या : चौथो (२०८२/०८३)

**देहाय**

| क्र.सं. | योजनाको नाम | रकम विनियोजन भएको शीर्षक | स्वीकृत बजेट | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १ | दिबुङ्गदह पर्यटन पूर्वाधार विकास कार्यक्रम चन्द्रकोट-१ | संघीय समपुरक | २,४६,००,०००/- (संघीय समपुरक- १,२३,०००+ समपुरकमा पालिका साझेदारी- १,२३,०००/-) | २,४६,२ ३,५३५ | पर्यटन पूर्वाधार क्षेत्रमा काम गर्ने |
| २ | सीमान्तकृत समुदायका लागि एकीकृत बस्ती विकासको पूर्वाधार कार्यक्रम चन्द्रकोट ७ | संघीय विशेष | बहुवर्षिय योजना जम्मा स्वीकृत रकम २,२१,००,०००/- चालु आ.व.का लागि ९९ लाख | २,२०,९ ५,६८२. ८५ | सडक पूर्वाधार क्षेत्रमा काम गर्ने |

ङ) चन्द्रकोट गाउँपालिका वडा नं.३ मा रहेको श्री बालबोध आधारभुत विद्यालयमा प्रा.वि. तृतीय श्रेणीमा करार सेवामा कार्यरत शिक्षक केशव गौतमले समान पद र तहमा चन्द्रकोट २ मा रहेको श्री जनज्योति आधारभुत विद्यालयमा सरुवा भई आउनका लागि दुबै विद्यालयको सहमतिपत्र सहित पेश गर्नुभएको हुँदा निज शिक्षकलाई सरुवा गर्ने।

च) चन्द्रकोट गाउँपालिका वडा नं. ३ हर्राचौर र वडा नं. ४ शान्तिपुरको वडा कार्यालय निर्माणका लागि जग्गा प्राप्तीको मञ्जुरीनामा सहित वडा समितिको बैठकको निर्णय सहि वडा कार्यालयको जग्गा प्राप्तिका लागि यस पालिकामा निवेदन प्राप्त भएको हुँदा उल्लेखित वडाहरुको वडा कार्यालय भवन निर्माणका लागि अन्य आवश्यक प्रकृया अगाडि बढाउने।

छ) चन्द्रकोट गाउँपालिकाभित्रका नागरिकहरुलाई वडा तहमा पुगी एकीकृत सेवा सहितको घुम्ती शिविर तथा योजना उपभोक्ता समितिहरुका लागि अनुशिक्षण कार्यक्रम २०८२ पौष महिनाभित्र प्रत्येक वडामा संचालन गर्ने तथा यस कार्यका लागि अनुकूल समय निर्धारण गरी सम्बन्धित वडाहरुले पालिकासमक्ष समन्वय गर्ने।

प्रकाश चन्द्र शर्मा
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठक मिति :२०८२/०८/२५
बैठक संख्या : चौथो (२०८२/०८३)

ज) चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गुल्मीलाई विपक्षी बनाई जिल्ला अदालत, उच्च अदालत साथै सर्वोच्च अदालतमा दायर हुने विभिन्न किसिमका मुद्दा मामिलाका सम्बन्धमा मुद्दाको तारेख बुझ्न अर्को निर्णय नभए सम्मका लागि हाललाई रुपन्देही जिल्ला बुटवल उपमहानगरपालिका वडा नं. ११ बस्ने ना.प्र.नं. ४११०५३/१०१९७० (जारी मिति २०६३/०७/२३ गुल्मी) बर्ष ३३ की सृजना श्रेत्रीलाई वारेस तोक्ने।

प्रकाश चन्द्र शर्मा
नि.प्रमुख प्रशासकीय अधिकृत